# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ५, संख्या ६ | २०७८ पौष १९ गते | विक्री मुल्य रू. ०।००

## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर सभाबाट स्वीकृत मिति: २०७८।०९।०९*

# विदुर नगरपालिका भित्र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको परिचालन तथा ब्यवस्थापन मापदण्ड, २०७८

# विदुर नगरपालिका भित्र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन तथा व्यवस्थापन मापदण्ड, २०७८

**प्रस्तावनाः**

विदुर नगरपालिका भित्रको स्वास्थ्य सेवालाई समुदाय तहबाटै सरल, सहज र प्रभावकारी बनाउदै स्वास्थ्य सचेतनालाई समुदाय र घर-घरमा विस्तार गर्ने कार्यमा महिला स्वास्थ्य स्वयं सेविकाहरुको भूमिका महत्वपूर्ण र प्रभावकारी रहदै आएको तथ्यलाई मध्यनजर गरी महिला स्वास्थ्य स्वयं सेविकाहरुको सेवालाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाउन र राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ (पहिलो संशोधन २०७६) को व्यवस्था बमोजिम महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम स्थानीय सरकारको सहभागिता र अपनत्वमा स्थानीय आवश्यकता र माग अनुसार व्यवस्थापन गर्ने प्रावधानलाई कार्यान्वयन गर्न एक मापदण्ड आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को अधिकार प्रयोग गरी विदुर नगरपालिकाको दशौं नगरसभाले "विदुर नगरपालिका भित्र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन तथा व्यवस्थापन मापदण्ड, २०७८" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद १

## महिला स्वास्थ्य स्वयंसेविकाको नियुक्ती र योग्यता सम्बन्धी व्यवस्था

### १) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नियुक्ती :

क) राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ (पहिलो संशोधन २०७६) बमोजिम प्रति ६०० जनसंख्या बराबर १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने गरी प्रत्येक वडाका लागि महिला स्वयंसेविकाको संख्या नगर कार्यपालिकाबाट तोकिनेछ ।

तर, हाल कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरु अवकाश नभएसम्म सोही वडामा सेवा गर्न बाधा पर्ने छैन ।

ख) बुँदा "क" बमोजिम वडाका महिला स्वास्थ्य स्वयं सेविकाको संख्या एकिन भएपछि स्वयंसेविकाको पद रिक्त हुन आएमा नगरपालिकाले स्वास्थ्य सेवाका कर्मचारीको संयोजकत्वमा छनौट समिति गठन गरी पदपुर्तिको प्रकृया अगाडी बढाउनेछ ।

### २) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको योग्यता र मापदण्ड :

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको योग्यता र मापदण्ड निम्नानुसार हुनेछ :

क) आमा समूहको बैठकले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ (पहिलो संशोधन २०७६) अनुसारको निर्णय गरि पठाएको,

ख) २५ बर्ष देखि ४५ बर्षको उमेर समूहको महिला,

ग) सम्बन्धित वडामा स्थाई बसोवास गरेको, (स्थायी बसोबास भन्नाले नियमित रुपमा बस्ने, बाहिर अन्यत्र कतै बसोबासको व्यवस्था नगरेको)

घ) कम्तिमा ५ बर्ष सेवा गर्नु इच्छुक रहेको

ङ) बिबाहित महिला, तर ३५ बर्ष उमेर पुरा गरेका एकल महिला भएपनि हुने,

च) कम्तिमा कक्षा एस.ई.ई. उतिर्ण गरेको,

छ) नेपाल सरकारको स्वामित्वमा रहेको कुनै पनि संस्थामा बैतनिक पदमा सेवारत नहरेको वा जनप्रतिनिधीमा बहाल नरहेको ।

## परिच्छेद २

## पद रिक्तता र सेवा अवधि सम्बन्धी व्यवस्था

**३) पद रिक्त हुने अवस्था :**

क) सेवा गर्न अनिच्छुक रही सेवाबाट राजीनामा दिएमा,

ख) बैतनिक पदमा बहाल भएमा,

ग) कुनै पनि राजनीतिक दलको पदाधिकारीमा बहाल रहेमा,

घ) बिना सूचना लगातार ३ पटक सम्म स्वास्थ्य आमा समूहको बैठक नराखेमा वा अनुपस्थित भएमा,

ङ) शारिरीक अस्वस्थ्यताका कारण सेवा गर्न असमर्थ भएमा,

च) कानुनी रुपमा फौजदारी अभियोग लागेमा,

छ) अन्यत्र बसाई सराई गरी गएमा वा मृत्यू भएमा,

**४) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको सेवा अवधी र अभिलेख सम्बन्धी व्यवस्था :**

क) महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुले ६० बर्षको उमेर पुरा नगरेसम्म सेवामा बहाल रहन पाउनेछन् । ६० बर्ष उमेर पुरा गरेपछि स्वत अवकाश हुनेछ ।

ख) कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु ६० बर्ष पुग्नु भन्दा कम्तीमा ३ महिना अगाबै नगरपालिकाको स्वास्थ्य शाखाले त्यस्ता म.स्वा.से. र निज आवद्ध स्वास्थ्य संस्थालाई लिखित जानकारी गराउनु पर्नेछ ।

ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको व्यक्तिगत विवरण सहितको अभिलेख नगरपालिकाको स्वास्थ्य शाखाले राख्नेछ । साविकमा जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत नियुक्ती भएका म.स्वा.से.हरुको अभिलेख जिल्ला जनस्वास्थ्य कार्यालयसंग माग गरी नगरपालिकाले व्यवस्थित गर्नुपर्नेछ ।

## परिच्छेद ३

## क्षमता विकास र उत्प्रेरणा सम्बन्धी व्यवस्था

**५) क्षमता विकास सम्बन्धी मापदण्ड :**

क) सेवा प्रवेश पछि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई आवश्यक आधारभूत तालिम स्थानीय तह लगायत स्वास्थ्य कार्यालयले प्रदान गर्नेछ ।

ख) महिला स्वास्थ्य स्वयं सेविकालाई सूचना प्रविधीको प्रयोग गरी ज्ञान तथा सीपको अभिबृद्धि/अध्यावधिक गर्न समय सापेक्ष रुपमा विभिन्न प्रविधीको प्रयोग गर्न उत्प्रेरित गरिनेछ ।

**६) उपलब्ध गराइने सेवा सुविधाहरु :**

क) प्रत्येक महिना आमा समूहको बैठकमा उपस्थित भई तोकिए अनुसार प्रतिवेदन पेश गरेवापत खाजा तथा यातायात खर्च वापत रु १५००।- (कर कट्टि नहुनेगरी) प्रदान गरिनेछ ।

ख) अन्य सेवा सुविधाहरु राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०६७ ( पहिलो संशोधन २०७६) अनुसार हुनेछ ।

**७) बिदाई :**

क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु कुनै कारणले सेवाबाट अलग भएमा वा ६० बर्ष पुरा भई अवकाश भएमा संघीय सरकारले उपलब्ध गराउने सुविधा बाहेक नगरपालिकाको नगरसभाले निर्णय गरे अनुसार सेवा गरेको प्रत्येक बर्षको लागि निश्चित रकम उपलब्ध गराइनेछ ।

ख) नगरपालिकाले उपलब्ध गराउने सुविधा बापतको रकम ६० बर्ष उमेर पछि जतिसुकै बर्ष सेवा गरेको भएपनि ६० बर्ष सम्म सेवा गरेको मानी सोही अनुसारको रकम दिइनेछ । सो बाहेक थप अवधिको रकम दिन बाध्य हुने छैन ।

ग) नगरपालिकाले उपलब्ध गराउने रकम पाउनको लागि शुरु नियुक्ती वा सेवा अवधि प्रमाणित गरेको कागजात पेश गर्नुपर्नेछ ।

**८) सम्पर्क व्यक्ति सम्बन्धी व्यवस्था :**

स्थानीय तहले तोकेको स्वास्थ्य सेवाको कर्मचारी महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रमको सम्पर्क व्यक्ति रहनेछ ।

**९) विविध :**

१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि सालबसाली तथा आर्थिक दायित्व सिर्जना हुने बिषयमा निर्णय लिनु अघि बजेटको सुनिश्चितता गर्नुपर्नेछ ।

२) आबश्यकता अनुसार यस मापदण्डमा थपघट वा परिमार्जन गर्न सकिनेछ ।

प्रमाणिकरण मितिः २०७८।०९। १९

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत